नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय काठमाडौं**

फोन नं. ०१५९७१८८०

बबरमहल, काठमाडौं
नेपाल।

प.सं. २०८३/०८४

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
काठमाडौं

मितिः २०८३/०५/२८
नेपाल संवत ११४६

## ग्यास विक्रि वितरण सम्बन्धी सूचना !

नेपाल आयल निगमसँगको समन्वयमा यस कार्यालयबाट खाना पकाउने ग्यास नभएर कठिनाई भोग्नुपरेका डेरामा बस्ने विद्यार्थी, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु, सुत्केरी, गर्भवती, साना बालबालिका भएका महिलाहरुलाई प्राथमिकता दिई सार्वजनिक विदाका दिनहरुमा विगत ३ दिनदेखि ग्यास विक्रेताहरु मार्फत नै यस कार्यालयमा ल्याई सोझै विक्री वितरण गर्ने प्रवन्ध गरिएको बेहोरा जानकारी गराइएको छ।

भोलि मिति २०८३/०५/२९ गते सोमबारदेखि कार्यालयको नियमित काम, रसुवा बाढी पीडितका लागि राहतको व्यवस्थापन र रसुवा बाढीका कारण मृत्यु भई हालसम्म पनि पहिचान हुन नसकेका शवहरुको व्यवस्थापनमा लाग्नुपरेको हुँदा अर्को सूचना प्रकाशन नभएसम्म यस कार्यालयको परिसरबाट ग्यास विक्री वितरण नहुने तर सम्बन्धित ग्यास विक्रेताहरु, डिलरहरु र खुद्रा विक्रेताहरु मार्फत विक्री वितरण सूचारु रहने बेहोरा सम्बन्धित सबैका लागि जानकारी गराइएको छ।

२०८३/०५/२८

..........................................
(तारानाथ फुल्लेल)
प्रशासकीय अधिकृत

Email: daobabarmahal@gmail.com
Website: daokathmandu.moha.gov.np